# रोड कोरिडोर /राजमार्ग लक्षीत तथा मीसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७

*(माननीय मन्त्री स्तरबाट मिति २०७७।०६।२३ गतेमा स्वीकृत)*

**प्रस्तावना:** आलु तथा मकै मीसन कार्यक्रम र रोडकोरिडोर लक्षित कार्यक्रम मार्फत समायानुकूल व्यवसायिकरण र औद्योगिकरण गरी कृषकहरुको आयआर्जन बढाउन, उत्पादन बृद्धि गरी आयात प्रतिस्थापन गर्न, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सुनिश्चित गर्न तोकिएका कृषि तथा पशुपन्छीजन्य वालीवस्तुहरुको उत्पादन देखि बजारीकरणसम्ममा सरोकारवालाहरुको सहभागिता बढाई प्रदेशको नीति तथा आवधिक योजनाको लक्ष्य हासिल गर्न र चालु आ. व. मा विनियोजित वजेट तथा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिएकोले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको सञ्चालन विधि बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " रोड कोरिडोर /राजमार्ग लक्षीत तथा मिसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने रकम र प्राविधिक सेवा समेतलाई सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार सञ्चालक संस्थालाई सम्झनु पर्छ।

(ग) "अभियानमुखी क्षेत्र" भन्नाले यस कार्यक्रमबाट सम्बोधन हुने अभियानमुखी (मीसन) कार्यक्रम र रोडकोरिडोर लक्षित कार्यक्रमले ओगट्ने कमाण्ड क्षेत्रलाई सम्झनु पर्छ।

(घ) "कार्ययोजना" भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यकता अनुसार साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत अनुमान, समायावधि, जिम्मेवार पक्ष सहितको विवरणलाई सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयलाई सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले कृषि तथा पशुपन्छी जन्य बालीवस्तुहरुको उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई सम्झनु पर्छ।

(छ) "फार्म" भन्नाले कृषि तथा पशुपालन सम्बन्धी निजी क्षेत्रका व्यवसायीबाट सम्बन्धित निकायमा दर्ता भइ स्थायी लेखा नम्बर लिएको संस्थालाई सम्झनु पर्छ।

(ज)	"निर्देशनालय" भन्नाले प्रदेशको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(झ)	"प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ञ)	"मन्त्रालय" भन्नाले  लुम्विनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ट)	"महाशाखा" भन्नाले मन्त्रालय अन्तर्गतका महाशाखाहरु सम्झनु पर्छ।

(ठ)	"मीसन कार्यक्रम" भन्नाले रोडकोरिडोर लक्षित कार्यक्रम बाहेक आलु तथा मकै वालीवस्तुहरुको व्यवसायिक उत्पादनको लागि संचालित कार्यक्रमलाई सम्झनु पर्छ।

(ड)	"रोडकोरिडोर लक्षित कार्यक्रम" भन्नाले  तोकिएको राजमार्ग वा सडकको दायाँ बायाँ ५ कि.मी. भित्रको परिधिमा सञ्चालित राजमार्ग लक्षित कार्यक्रमलाई सम्झनु पर्छ।

(ढ)	"संकलन केन्द्र" भन्नाले  कृषि तथा पशुपन्छी जन्य वालीवस्तुहरुको बजारीकरणको लागि  एक स्थानमा जम्मा गरी विक्री वितरण गर्न सहज बनाउने उद्देश्यले निर्माण र सञ्चालन गरिने केन्द्रलाई सम्झनु पर्छ।

(ण)	"साझेदारी" भन्नाले मीसन  लगायत  रोड  कोरिडोर  कार्यक्रम सञ्चालनमा  संलग्न  हुने  साझेदारहरूको सहकार्यलाई  सम्झनु पर्छ।

३. **उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन् :-

(क)	उन्नत तथा आधुनिक प्रविधि अवलम्वन गरी व्यावसायिक रूपमा कृषि तथा पशुपन्छी वालीवस्तुहरुको उत्पादन र उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्ने,

(ख)	कृषि तथा पशुपन्छी वालीवस्तुहरुको मूल्य श्रृंखला अभिवृद्धि गर्ने,

(ग)	राजमार्गसँग जोडिएको क्षेत्रमा वस्ने युवालाई कृषि क्षेत्रमा आकर्षित गरी व्यवसायिकरण गर्ने,

(घ)	खाद्य तथा पोषण सुरक्षा तथा गरिबी निवारणमा टेवा पुऱ्याउने,

(ङ)	स्थानीयस्तरमा कृषि तथा पशुजन्य उद्योग र शीत भण्डार संचालनमा टेवा पुर्याउने।

४. **सरोकारवाला निकायहरुः** यस कार्यक्रम सञ्चालन गर्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ :-

(क)	कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार सञ्चालक संस्था मार्फत कार्यालयबाट मीसन तथा रोडकोरिडोर कार्यक्रम सञ्चालन हुने,

(ख)	कार्यालयले सहयोगी कार्यक्रम सहित मीसन तथा रोडकोरिडोर कार्यक्रम सञ्चालन गर्ने,

(ग)	निर्देशनालयले मीसन तथा रोडकोरिडोर कार्यक्रम सञ्चालनको लागि सम्वन्धित कार्यालयलाई आवश्यक निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समाधान गर्न र अनुगमन गरी पृष्ठपोषण गर्न सहयोग गर्ने,

(घ)	मन्त्रालयले कार्यक्रम तर्जुमा, नीतिगत सहजीकरण, अनुगमन मूल्याङ्कन तथा  समन्वय गरी कार्यक्रम कार्यन्वयनमा सहयोग गर्ने,

(ङ)	स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारले कार्यक्रम गर्दा दोहोरोपन नहुने गरी आपसी सहयोगको लागि समन्वय र सहकार्य गर्नु पर्ने,

## परिच्छेद–३

## कार्यक्रम सञ्चालन तथा संस्थागत व्यवस्था

५. **कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) अनुसुची-१ उल्लेख भए बमोजिमका जिल्लाहरुमा तोकिएका कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्ययोजना अनुसार सम्पादित कार्यक्रमहरुको प्रगति, उपलब्धी तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(३) प्रदेशको आवश्यकता बमोजिम पशुपन्छी र बालीवस्तु थप गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(४) कार्यक्रमको प्रभावकारिताका आधारमा अन्य जिल्लाहरुमा क्षेत्र विस्तार गर्दै लगिनेछ।

(५) कार्यक्रमको क्षेत्र विस्तार गर्दा एउटै क्लष्टर भित्रका स्थान वा क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(६) कार्यक्रम कम्तीमा तीन बर्षसम्म सञ्चालन गरिनेछ।

६. **निर्देशक समितिः** (१) कार्यक्रम सञ्चालनका क्रममा नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| मा.मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| सचिव, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| सचिव वा निजले तोकेको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| सचिव वा निजले तोकेको अधिकृत, मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| निर्देशक, विषयगत निर्देशनालय | सदस्य |
| प्रमुख, विषगगत महाशाखा | सदस्य |
| प्रमुख, योजना अनुगमन तथा मुल्याङ्कन महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम कर्तव्य र अधिकारः-

(क) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा परिआएका बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउनुका साथै आवश्यक रायसुझाव तथा निर्देशन दिने,

(ख) सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ग) स्वीकृत कार्ययोजना अनुसार कार्य भएनभएको तथा अनुदान रकम सदपयोग भएनभएको अनुगमन गरी पृष्ठपोषण गर्ने।

७. **जिल्ला कार्यक्रम सहजिकरण समिति :** (१) जिल्लामा देहायबमोजिमको समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख, | जिल्ला समन्वय समिति | अध्यक्ष |
| (ख) | अध्यक्ष/प्रतिनिधि, | जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि, | जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (घ) | प्रमुख/प्रतिनिधि, | कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई | सदस्य |
| (ङ) | प्रमुख/प्रतिनिधि, | तोकिएको विषयगत समूह, सहकारी वा कृषक सञ्जाल १ जना महिला सहित २ जना | सदस्य |

(च) प्रमुख /प्रतिनिधि, कार्यक्रमसँग सम्बन्धित निकाय बढीमा २ जना सदस्य

(छ) कार्यालय प्रमुख, सम्वन्धित कार्यालय प्रमुख सदस्य सचिव

(२) समितिको बैठकमा सम्वन्धित क्षेत्रको प्रदेश सभा सदस्यलाई समेत आमन्त्रण गरिनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

८. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**ः जिल्ला कार्यक्रम सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदानग्राही मार्फत सञ्चालन हुने मिसन कार्यक्रम र रोड कोरीडोर कार्यक्रमहरुको जानकारी आदान प्रदान गर्ने, गराउने,

(ख) कार्यक्रमहरुवारे हालको अवस्था, कार्यालयबाट गरिएका प्रयास र प्रगति स्थितीबारे जानकारी लिने,

(ग) कार्यक्रम कार्यान्वयनको सिलसिलामा आवश्यक अन्तरनिकाय समन्वय र सहकार्यको लागि सहजिकरण गर्ने, गराउने,

(घ) कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

९. **<u>कार्यक्रम ब्यवस्थापन समिति</u>** : (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुख –संयोजक

ख) प्रमुख, विषयगत शाखा –सदस्य

ग) प्रमुख, आर्थिक प्रशासन शाखा –सदस्य

घ) प्रमुख, जिल्ला कृषि सहकारी संघ –सदस्य

ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख वा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि –सदस्य

च) सम्बन्धित शाखा प्रमुख –सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य शाखा प्रमुख रहेको भए सम्बन्धित निकायको प्रमुखले तोकेको प्राविधिक कर्मचारी सदस्य सचिव रहनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम जिल्ला कृषि सहकारी संघबाट एकजना प्रतिनिधि कार्यालयले तोक्न सक्नेछ।

।

(४) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(५) अनुदानमा सञ्चालन हुने प्रति कार्यक्रम बढीमा तीन बैठक भित्र आर्थिक दायित्व सीमित गर्नुपर्नेछ ।

१०. **<u>कार्यक्रम ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>**ः कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि क्षेत्र छनौटका आधार तय गरी अनुमोदन गर्ने,

(ख) कार्यक्रम सञ्चालनको लागि अनुदान रकमको सीमा र कार्य योजना एकिन गर्ने,

(ग) कार्यक्रम सञ्चालनको लागि स्थलगत प्रमाणीकरणका सूचक तथा फर्मेटहरु तयार गरी स्विकृत गर्ने,

(घ) आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कनको आधारलाई विस्तृतीकरण गर्ने,

(ङ) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्ने, गराउने,

(च) प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(छ) कार्यक्रमको अनुगमन, निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।

## परिच्छेद-५

## अभियानमुखी कार्यक्रमको क्षेत्र छनौटका आधार र सञ्चालन प्रक्रिया

११. **कृषि क्षेत्र छनौटका आधारहरुः** (१) अभियानमुखी कृषि क्षेत्र छनौटका आधार र प्राथमिकता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) दफा ९ को उपदफा (१) बमोजिमको समितिबाट कार्यालयले सम्भाव्यताको आधारमा अभियानमुखी क्षेत्र निर्धारण गरिने,

(ख) यस्ता सम्भाव्य क्षेत्रहरु छनौट गर्दा सिंचाइ सुविधा भएको र व्यवसायिक खेतीको सम्भावना भएको वा हुने गरेको क्षेत्रलाई प्राथमिकता दिनु पर्ने,

(ग) एउटै क्लष्टरमा धेरै क्षेत्रफल समेटिने क्षेत्रलाई प्राथमिकता दिई छनौट गर्नु पर्ने,

(घ) छनौट गर्दा स्थानीय तहको एउटा वडा वा जोडिएका वडाहरु मिलाएर क्लष्टर वनाउनु पर्ने,

(ङ) बजेटले सम्वोधन गर्न सकिने क्षेत्रफलका आधारमा क्षेत्रको अनुमानित क्षेत्रफल सहित संख्या छनौट गर्नुपर्ने,

(च) क्षेत्र छनौट गर्दा कार्यक्रममा दोहोरो नपर्ने गरी विगतमा स्थापना भएका व्यावसायिक उत्पादन क्षेत्रलाई समेत आधार मान्नु पर्ने,

(छ) रोड कोरिडोर कार्यक्रम अन्तर्गत तोकिएको सडकबाट बढीमा ५ कि. मी. दूरी सम्ममा व्यावसायिक रुपमा कृषि पेशा अपनाईएका कृषक र व्यावसायिक हुन खोज्ने कृषकलाई समेटिने क्षेत्रलाई प्राथमिकता दिनु पर्ने,

(ज) जग्गा भाडामा लिई खेती गर्दै गरेको भए एक वर्षिय बालीवस्तुको हकमा न्यूनतम २ वर्ष र बहुवर्षिय बालीको हकमा न्यूनतम १० वर्ष अवधिको जग्गाधनीसँग करार/सम्झौता भएको हुनुपर्ने,

(झ) एउटै क्लष्टरमा तराई जिल्लाको हकमा कम्तीमा ५ हेक्टर र पहाडी जिल्लाको हकमा कम्तीमा ३ हेक्टर जमिनमा खेती विस्तार हुने सम्भावना भएको क्षेत्र हुनुपर्ने,

(ञ) कम्तीमा तिन कठ्ठा वा दुई रोपनी क्षेत्रफलमा व्यवसायिक खेती गर्ने कृषकहरुसम्म समेत क्लष्टरमा जोडिन सक्नेछन।

(ट) एउटा क्षेत्रमा एकै किसिमको बालीको जात तथा उन्नत प्रविधि अपनाई खेती लगाउने क्षेत्रलाई प्राथमिकता दिनुपर्ने,

(ठ) लक्षित वर्गमा महिला, दलित, जनजाती, विपन्न एवं पछाडि परेका वर्ग समेटिने क्षेत्रलाई प्राथमिकता दिनुपर्ने,

(२) उपदफा (१) को खण्ड (क) अनुसारको अभियानमुखी क्षेत्रमा न्यूनतम तिन कठ्ठा वा दुई रोपनी सम्ममा खेति गर्ने साना कृषकहरुलाई समेत समावेश गरेर एउटा वडा वा जोडिएको वडाहरुमा क्लष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

१२. **<u>आलु तथा मकै मीसन कार्यक्रम सञ्चालन प्रक्रियाः</u>** (१) कार्यक्रम सञ्चालनमा सम्बन्धित अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोकिनेछ। सम्वन्धित अधिकृत नभएको अवस्थामा कार्यालय प्रमुखले सम्पर्क अधिकृत तोक्न सक्नेछ।

(२) कार्यालयले दफा ९ को उपदफा (१) बमोजिमको समितिले अनुमोदन गरेको क्षेत्रको लागि अनुसुची-२ बमोजिमको ढाँचामा सवै सरोकारवालालाई सूचनाको पहुँचमा शुनिश्चितता गरी कम्तीमा १५ दिने प्रस्ताव आह्वानको सूचना प्रवाह गर्नेछ।

(३) आवेदकले अनुसूची-३ बमोजिमको ढाँचाको निवेदन, अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची-५ बमोजिमको कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(४) कार्यक्रम सञ्चालन हुने स्थानको स्थलगत प्रमाणीकरणको लागि कार्यालयले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) कार्यालयले प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणका सूचकहरु र भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा अभियानमुखी क्षेत्रको प्राथमिकताक्रम तोकी कार्यक्रम सञ्चालन गर्न योग्य अनुदानग्राहीहरुको सूची तयार गरी सिफारिस गर्नुपर्नेछ।

(६) प्रस्तावको अनुसूची-७ वमोजिम अनुदानग्राहीको मूल्याङ्कन गरी छनौट पश्चात स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-६ को ढाँचामा करारनामा/सम्झौता गरिनेछ। छनौट भएका कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पूरा हुनुपर्नेछ।

(७) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि लागत र समय सीमा सहितको स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गर्दा अनुदानग्राही र कार्यालयको जिम्मेवारी तोक्नु पर्नेछ।

(८) अभियानमुखी क्षेत्र छनौट र अनुसूची–२ वमोजिमको सूचना आह्वान बाली लगाउनु पूर्व गरी सक्नुपर्नेछ।

## परिच्छेद-६

## <u>रोड कोरिडोर लक्षित उत्पादन कार्यक्रम सञ्चालन प्रक्रिया</u>

१३. **<u>रोड कोरिडोर लक्षित उत्पादन कार्यक्रम सञ्चालन</u>** : यस कायर्क्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :-

(क) रोड कोरिडोर लक्षित पशुपन्छी कार्यक्रम,

(ख) रोड कोरिडोर लक्षित कृषि उत्पादन कार्यक्रम,

१४. **रोड कोरिडोर लक्षित पशुपन्छी कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) रोडकोरीडोर क्षेत्र भित्र कम्तीमा १०० घरधुरी परिवारलाई समेटी सन्चालन गरिने छ सो क्षेत्रभित्र २० जनाको १ समुह गठन गरी एक समिति गठन गरिने छ ।

तर, न्यून जनघनत्व भएको पडाही तथा हिमाली क्षेत्रमा १० जना कृषकलाई आवद्ध गराई कार्यक्रम सञ्चालन गर्न बाधा पर्नेछैन।

(२) प्रत्येक समुहबाट कम्तीमा एक जना प्रतिनिधि छनौट गरी एघार सदस्यिय मुल समिति गठन गरिने छ ।

(३) सदस्य सचिव कार्यालयले तोकेको प्राविधिक कर्मचारी हुनेछ ।

(४) गाई/भैसीपालनको हकमा अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :-

(क) कार्यक्रम क्षेत्रमा कम्तीमा १०० वा सो भन्दा बढी दुधालु गाई भैसीहरु भएको हुनु पर्ने,

(ख) कार्यक्रम सन्चालन भएको दोस्रो वर्षमा दैनिक दुध उत्पादन कम्तीमा १ हजार लीटर भन्दा माथि हुनु पर्ने,

(ग) पहिलो बर्ष उत्पादनका कार्यक्रम र दोस्रो बर्ष व्यवस्थित बजारका कार्यहरु समेत संचालन गर्दै उत्पादनमा आधारित अनुदानमा समेत जोडिन सकिने,

(५) भेडा/बाख्रापालनको हकमा अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :-

(क) कार्यक्रम क्षेत्रमा कम्तीमा एक हजार वा सो भन्दा भेडा/बाखा भएको हुनु पर्ने,

(ख) कार्यक्रम सन्चालन भएको दोस्रो वर्षमा बार्षिक ६ सय वटा खसी/बोका/बाखा वा भेडा/थुमा विक्री गरेको हुनुपर्ने,

(ग) पहिलो बर्ष उत्पादनका कार्यक्रम र दोस्रो बर्ष व्यवस्थित बजारका कार्यक्रमहरु संचालन गर्दै उत्पादनमा आधारित अनुदानमा समेत जोडिन सकिने,

(६) बङ्गुरपालनको हकमा अन्तर्गत देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ :-

(घ) कार्यक्रम क्षेत्रमा कम्तीमा २०० माउ बंगुर भएको हुनु पर्ने,

(ङ) कार्यक्रम सन्चालन भएको दोस्रो वर्षमा बार्षिक कम्तीमा एक हजार वटा पाठापाठी विक्रि गरेको हुनु पर्ने,

(च) पहिलो बर्ष उत्पादनका कार्यक्रम र दोस्रो बर्ष व्यवस्थित बजारका कार्यहरु संचालन गर्दै उत्पादनमा आधारित अनुदानमा समेत जोडिन सकिने।

(७) पहिलो र दोस्रो बर्षका कार्यक्रम यथावत राख्दै उत्पादनलाई विविधिकरण तथा ब्रान्डिङ्ग गरी बजारीकरण गरिनेछ।

(८) तेस्रो वर्षमा उक्त समुह समितिलाई सहकारीमा परिणत गरी क्रमश सस्थागत विकास गर्दे लगिने छ।

(९) असल पशुपन्छी पालन अभ्यासलाई अवलम्बन प्रवर्द्धन गरिने छ।

(१०) कार्यक्रम संचालन र परिचालनको लागि आवश्यकता अनुसार समितिले प्राविधिक सहजकर्ता राख्न सक्नेछ ।

(११) उक्त सहजकर्ताको कार्यविवरण कार्यालयले तोके अनुसार हुनेछ।

१५. **रोडकोरिडोर वा राजमार्ग लक्षित कृषि कार्यक्रम सञ्चालन प्रक्रिया:** (१) कार्यक्रम सञ्चालनमा सम्बन्धित अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोकिनेछ। सम्वन्धित अधिकृत नभएको अवस्थामा कार्यालय प्रमुखले सम्पर्क अधिकृत तोक्न सक्नेछ।

(२) रोड कोरिडोर कार्यक्रम अन्तर्गत अनुसूची-१ बमोजिम तोकिएको बालीवस्तुमा कार्यक्रम सञ्चालन गरिनेछ।

(३) रोड कोरिडोर कार्यक्रम अन्तर्गत तोकिएको सडकबाट बढिमा ५ कि. मी. दूरी सम्ममा व्यावसायिक रुपमा कृषि पेशा अपनाईएका कृषक र व्यावसायिक हुन खोज्ने कृषकलाई समेटी क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ।

(४) कार्यालयको सिफारिस र सम्भाव्यताको आधारमा दफा ९ को उपदफा (१) बमोजिमको समितिबाट क्लष्टरको रुपमा अभियानमुखी क्षेत्र तोकिनेछ।

(५) यस्ता सम्भाव्य क्षेत्रहरु स्थानीय तहको एउटा वडा वा जोडिएका वडाहरु मिलाएर व्यावसायिक उत्पादन क्षेत्र बनाउन सकिने तराई क्षेत्रको हकमा कम्तीमा ५ हेक्टर र पहाडी क्षेत्रको हकमा कम्तीमा ३ हेक्टर अभियानमुखी क्षेत्र समेटी वढिमा १५ वटा क्लष्टरमा वनाउनुपर्नेछ ।

(६) कम्तीमा तिन कठ्ठा वा दुई रोपनी क्षेत्रफलमा व्यवसायिक खेति गर्ने कृषकहरुसम्म समेत क्लष्टरमा जोडिन सक्नेछन।

(७) कार्यालयले दफा ९ को उपदफा (१) बमोजिमको समितिले अनुमोदन गरेको क्षेत्रको लागि अनुसुची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ दिने सूचना प्रवाह गरी प्रस्ताव आह्वान गर्नेछ।

(८) आवेदकले अनुसूची-३ बमोजिमको ढाँचाको निवेदन, अनुसूची-४ बमोजिमको ढाँचामा प्रस्ताव र अनुसूची-५ बमोजिमको कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(९) कार्यक्रम सञ्चालन हुने स्थानको स्थलगत प्रमाणीकरणको लागि कार्यालयले आवश्यक व्यवस्था मिलाउनेछ।

(१०) कार्यालयले प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणका सूचकहरु र अभियानमुखी क्षेत्रको प्राथमिकताक्रम तोकी कार्यक्रम सञ्चालन गर्न योग्य अनुदानग्राहीहरुको अनुसूची-७ बमोजिम मूल्याङ्कनका आधारमा सूची तयार गरी सिफारिस गर्नुपर्नेछ।

(११) अनुदानग्राही छनौट पश्चात स्वीकृत कार्ययोजना बमोजिम अनुसूची-६ को ढाँचामा करारनामा/सम्झौता गरिनेछ।

(१२) छनौट भएका कार्यक्रमहरु सोही आर्थिक वर्ष भित्र पूरा हुनुपर्नेछ।

(१३) कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि लागत र समय सीमा सहितको स्वीकृत कार्ययोजना बमोजिम सम्झौता गर्दा अनुदानग्राही र कार्यालयको जिम्मेवारी तोक्नु पर्नेछ।

(१४) प्रत्येक क्लष्टर क्षेत्रमा अनुदानग्राही (कृषक/फार्म/कृषि उद्यमी/कम्पनी/कृषक समूह/सहकारी संस्था/जल उपभोक्ता समिति/प्रशोधन कर्ता/शित भण्डार सञ्चालक संस्था) मिलेर कम्तीमा ५ हेक्टर क्षेत्रफलमा अभियानमुखी क्षेत्रको क्लष्टर बनाई कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

(१५) अभियानमुखी क्षेत्रको क्षेत्रफलका आधारमा बढीमा १५ वटा क्लष्टर हुन सक्नेछन।

(१६) रोडकोरीडोर क्षेत्र भित्र बढिमा १५ वटा क्लष्टर क्षेत्र समेटी तिन वर्षमा कम्तीमा ५० हेक्टर जमिनमा लक्षित बालीको क्षेत्र विस्तार हुनु पर्नेछ।

(१७) रोडकोरीडोर अन्तर्गत क्लष्टर क्षेत्र समेटी कार्यक्रम कार्यान्वयन गर्न ११ सदस्यिय कार्यक्रम सञ्चालन समिति गठन गरिनेछ।

(१८) समितिको विधान कार्यालयबाट अनुमोदन गर्नु पर्नेछ।

(१९) कृषकले लगाएको क्षेत्रफलका आधारमा प्रतिनिधि संख्या तोकिनेछ।

(२०) सदस्य सचिव कार्यालयले तोकेको प्राविधिक कर्मचारी हुनेछ ।

(२१) उक्त समितिले तिन वर्षे कार्ययोजना स्वीकृत गराई पहिलो वर्षको कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

(२२) पहिलो बर्षमा उत्पादन तथा नर्सरी स्थापनाका कार्यक्रममा केन्द्रीत गरी दोस्रो र तेश्रो बर्षमा उत्पादनोपरान्तका क्रियाकलाप, बजार व्यवस्थापन तथा प्रवर्द्धनका कार्यहरु समेत संचालन गर्दै उत्पादनमा आधारित अनुदानमा समेत जोडिन सकिने छ ।

(२३) तेस्रो वर्षमा उक्त समितिलाई सहकारीकरण गरी संस्थागत विकास गरिनेछ ।

(२४) असल कृषि अभ्यास प्रणालीलाई अवलम्बन गर्न पहल गरिनेछ ।

(२५) स्वीकृत कार्ययोजनाको अनुसूची-८ वमोजिम तोकिएको क्रियाकलापहरुमा चालु खर्च तर्फ बढिमा ४५ प्रतिशत र बाँकि पूँजिगत कार्यमा खर्च गरिनेछ।

तर, कार्यक्रम संचालन र सहजिकरण गर्न आवश्यक परेमा कोरिडोर लक्षित परिचालक (Mobilizer) छनौट गरी बढीमा पाँच प्रतिशत रकम खर्च गर्न सकिनेछ।

(२६) उक्त परिचालकको कार्यविवरण र पारिश्रमिक कार्यालयले सम्झौतामा तोकी काममा लगाईनेछ।

(२७) पूँजिगत खर्चमा कन्टेनजेन्सी काटी नियमानुसार खर्च गर्न सकिनेछ।

## परिच्छेद-७

## अनुदान रकम खर्च मापदण्ड र भुक्तानी प्रक्रिया

१६. **अनुदान रकम खर्च मापदण्डः** (१) **कृषि तर्फ** मीसन कार्यक्रम र रोडकोरिडोर लक्षित कार्यक्रम अन्तर्गत देहाय बमोजिम अनुदान रकम खर्च गरिनेछ :-

(क) अनुदानग्राहीलाई स्वीकृत कार्ययोजनामा अनुसूची-८ वमोजिम तोकिएका कृयाकलापहरुमा अभियानमुखी अनुदान मापदण्ड अनुसारका कृयाकलापमा बढीमा ५० प्रतिशत र सामूदायिक पूर्वाधार निर्माणको हकमा बढीमा ८५ प्रतिशत लागत साझेदारीमा वा प्रति हेक्टरमा रु एक लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलव्ध गराईने,

तर, रुकुम पूर्व जिल्ला भित्र प्राङ्गारिक कृषि विशेष प्रयोजनका लागि मात्र स्थानीय स्तरमा उपलव्ध हुने सामग्री र श्रम बाहेक अनुसूची-८ वमोजिम तोकिएका क्रियाकलापहरु सहित उत्पादन पश्चातका अन्य क्रियाकलापहरु (आवश्यक क्रेट तथा भण्डारण सामग्री खरिद, लेवलिङ्ग, प्याकेजिङ्ग, उत्पादन स्थल देखि वजार स्थलसम्म पुर्‍याउन ढुवानी आदि) समेतको लागत साझेदारीमा ९० प्रतिशत वा प्रति हेक्टरमा रु दुई लाखको दर नबढाई जुन कम हुन आउछ सोही रकम उपलव्ध गराईनेछ।

(ख) अनुदान रकम प्रवाह गरिने चालु उत्पादन सामग्रीका क्रियाकलापमा कूल अनुदान रकमको बढीमा ४५ प्रतिशत रकम र बाँकी पूजिगत निर्माण र औजार उपकरण खरिदमा अनुदान रकम प्रवाह गरिने।

तर, रोडकोरिडोर लक्षित कृषि कार्यक्रम तर्फ परिचालकको पारिश्रमिक स्वीकृत कार्ययोजनाको अनुदान रकमको पाँच प्रतिशतमा नबढने गरी खर्च गर्न सकिनेछ।

(२) **पशुपन्छी तर्फ** मीसन कार्यक्रम र रोडकोरिडोर लक्षित कार्यक्रम अन्तर्गत देहाय बमोजिम अनुदान रकम खर्च गरिनेछ:-

(क) अभियानमुखी क्षेत्र सञ्चालनको लागि तोकिएका कृयाकलापहरुमा लागत साझेदारीमा प्रति अनुदानग्राही गाई/भैंसी/बँगुरमा लागत साझेदारीमा ५० प्रतिशत वा रु ५० हजारमा नवढाई जुन कम हुन आउछ सोही रकम उपलव्ध गराईने,

(ख) मेसिनरी सामाग्री खरिद र २० प्रतिशत पोषण सुधार, तिन प्रतिशत स्वास्थ्य सुधार, सात प्रतिशत कार्य प्रकृतिका आधारमा परिचालन गरिने प्राइभेट प्याराभेटको परिचालन र क्षमता विकासमा खर्च गर्नु पर्ने,

(३) आफ्नै घरमा उपलव्ध हुने गोठेमल तथा अन्य सामग्रीमा अनुदान रकम उपलव्ध गराईने छैन।

(४) मीसन सहयोगी कार्यक्रम र नियमित कार्यक्रमबाट बिशेषज्ञबाट तालिम, माटो जाँच, प्लान्ट क्लिनिक, शिविर सञ्चालन, बाली कटानी (क्रप कटिङ्ग), खोप, आकस्मिक उपचार, आन्तरिक तथा बाह्य परिजिवी आदि कार्यक्रम सञ्चालन गरिनेछ।

(५) यस कार्यक्रमबाट दूध, मासु र माछा लगायत अन्य वाली वस्तु उत्पादन गर्ने अनुदानग्राहीले प्रतिफलको आधारमा प्रोत्साहन अनुदान लिन कुनै बाधा पर्नेछैन।

१७. <u>भुक्तानी प्रक्रिया</u>: (१) मीसन कार्यक्रम र रोडकोरिडोर लक्षित कार्यक्रम अन्तर्गत कृषि तर्फ दफा १६ उपदफा (१) को खण्ड (क) र (ख) तथा पशुपन्छी तर्फ दफा १७ उपदफा (२) को खण्ड (क) र (ख) मा निर्धारित मापदण्ड अनुसार अनुदान रकम भुक्तानी गरिनेछ।

(२) रोडकोरिडोर लक्षित कार्यक्रमको भौतिक पुर्वाधार तर्फ कार्यालयको प्राविधिकको लागत अनुमानका आधारमा काम सम्पन्न गरे पछि भुक्तानी हुनेछ ।

(३) रोड कोरिडोर तर्फ भुक्तानी प्रक्रिया वैक मार्फत हुनेछ बैक खाता समितिको तर्फबाट २ जना र कार्यालयले तोकेका ब्यक्ति १ जना गरी ३ जनाको संयुक्त खाता सन्चालन हुनेछ।

(४) समिति गठन गरी स्वीकृत कार्ययोजनाका आधारमा सम्झौता पश्चात बढिमा २५ प्रतिशत रकम समितिको खातामा जम्मा गरिने छ र बाँकी रकम तोकिएको काम सम्पन्न गरे पश्चात दोस्रो किस्ता बैंक खाता मार्फत जम्मा गरिनेछ।

(५) कार्यक्रमबाट उपलब्ध हुने अनुदान रकम कार्य प्रगतिका आधारमा बढिमा तिन किस्तामा उपलब्ध गराइनेछ।

(६) कूल आयोजनाको २५ प्रतिशत भन्दा बढी काम सम्पन्न भएपछि स्वीकृत रकमको पच्चीस प्रतिशत र बाँकि काम सम्पन्नताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ।

(७) काम सम्पन्न गरी भुक्तानीको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नुपर्नेछः-

(क) निवेदन, स्वीकृत कार्ययोजना र सम्झौताको प्रतिलिपि,

(ख) संरचना निर्माणको हकमा सम्वन्धित प्राविधिकको लागत अनुमान, नक्सा, नापी किताव, रनिङ्ग/अन्तिम बिल, कार्यसम्पन्न प्रतिवेदन

(ग) खण्ड (ख) मा जे लेखिएता पनि पाँच लाख भन्दा बढि लागतको निर्माण कार्यको हकमा मात्र ईन्जिनियरिङग प्राविधिकको सिफारिस आवश्यक पर्ने,

(घ) पाँच लाख भन्दा बढि लागतको सामाग्री खरिदमा कम्तीमा तिन वटा कोटेशन आवश्यक पर्ने,

(ङ) सामग्रीहरु खरिद गरेको सक्कल बिल भरपाई,

(च) फलफूल बालीको हकमा बगैंचाको रेखाङ्कन चित्र (LAYOUT) पेश गरेको,

(छ) तयार गरिएको संरचना, यन्त्र उपकरण, खडा बाली (STANDING CROPS) र पशुपन्छी लगायतको फोटोहरु,

(ज) कार्यक्रमसँग सम्वन्धित निर्णयहरुको प्रतिलिपी,

(झ) सार्वजनिक सुनुवाईको निर्णयको प्रतिलिपी,

(ञ) स्थानीय तहको सिफारिस।

(८) दफा १७ को उपदफा (७) का खण्डहरुमा उल्लेखित कागजात सहित पेश भई आएका निवेदन उपर स्थलगत अनुगमन गरी अनुगमन प्रतिवेदनका आधारमा साझेदारलाई एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।

(९) रोडकोरिडोर लक्षित तर्फ परिचालकको सम्झौता वमोजिमको पारिश्रमिक मासिक रुपमा एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।

(१०) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीहरुले कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद–८

## विविध

१८. **अनुगमनः** (१) आफ्नो कार्यक्षेत्र भित्र सञ्चालित कार्यक्रमको अनुगमन नियमित रुपमा कार्यालयले गर्नुपर्नेछ।

(२) जिल्लाभित्र रहेका कार्यक्रमहरुको जनप्रतिनिधी, मन्त्रालय, निर्देशनालय, स्थानीय तह, कार्यालय र अन्य सरोकारवाला निकायहरुले संयुक्त अनुगमन तथा मूल्याङ्कन गरी सुझाव र सल्लाह दिन सक्नेछन्।

१९. **प्रतिवेदन तथा समन्वय र प्रतिवद्धता**: (१) कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा कार्यालयले सम्बन्धित निर्देशनालयमा पेश गर्नुपर्नेछ।कार्यक्रमको प्रगति विवरण पठाउने फारमको ढाँचा अनुसूची-९ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ।

(२) स्थानीय तहहरुले अभियानमुखी क्षेत्रमा कार्यक्रमको थप सघनीकरण र विस्तार गर्ने कार्यक्रम तथा बजेट रहेको अवस्थामा प्राविधिक समन्वय तथा सहकार्य प्रदेश सरकारबाट गर्न सकिनेछ।

(३) सरकारी तथा अन्य निकायबाट सोहि प्रकृतिको कार्यक्रमहरुबाट अनुदान प्राप्त गरेको अनुदानग्राहीलाई यस कार्यक्रमबाट अनुदान रकम उपलव्ध गराईने छैन।

(४) कार्यक्रममा दोहोरोपन नहुने गरी सहकार्य गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

(५) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदाग्राहीले अनुसूची-१० बमोजिमको प्रतिबद्धता पेश गर्नुपर्नेछ ।

२०. **सहयोगी कार्यक्रम** : मीसन तथा रोड करिडोर कार्यक्रम सञ्चालनको लागि सहयोगी कार्यक्रमबाट कार्यक्रमका बारेमा योजना तर्जुमा, अभिमुखीकरण, कार्यक्रम पृष्ठपोषण, समितिहरुको बैठक सञ्चालन खर्च जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

२१. **प्रचलित कानून लागू हुने:** यस सञ्चालन विधिमा भएको व्यवस्था यसै सञ्चालन विधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ।

**अनुसूची-१**

**अभियानमुखी मीसन कार्यक्रम र कार्यक्रम सञ्चालन हुने स्थान**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

| **क.स.** | **उपक्षेत्र** | **बाली/पशुपन्छीको नाम** | **कार्यक्रम सञ्चालन हुने जिल्ला** |
|---|---|---|---|
| **१** | **अभियानमुखी (मीसन) कार्यक्रम** | | |
| १.१ | तरकारी | आलु (खायन र वीउ) | सवै १२ जिल्लाहरु |
| १.२ | खाद्यान्न | मकै | सवै १२ जिल्लाहरु |
| **२** | **रोड कोरिडोर लक्षित कार्यक्रम** | | |
| २.१ | रोडकोरिडोर लक्षित कृषि | फलफूल | अर्घाखाँची, गुल्मी, पाल्पा, प्यूठान, रोल्पा र रुकुम |
| २.२ | रोडकोरिडोर लक्षित कृषि | तरकारी | सवै १२ जिल्लाहरु |
| २.३ | रोडकोरिडोर लक्षित पशु | गाई/भैसी | सवै १२ जिल्लाहरु |
| २.४ | रोडकोरिडोर लक्षित पशु | भेडा/बाखा | सवै १२ जिल्लाहरु |
| **३** | **प्राङ्गारिक अभियान विशेष कार्यक्रम** | | |
| ३.१ | मीसन कार्यक्रम | सवै वाली | पूर्वी रुकुम जिल्ला |
| ३.२ | रोड कोरिडोर कार्यक्रम | तरकारी र फलफुल | पूर्वी रुकुम जिल्ला |

**अनुसूची–२**

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

(दफा १२ को उपदफा (२) र दफा १५ को उपदफा (७) सँग सम्बन्धित)

प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**....................निर्देशनालय**

**....................कार्यालय .........**

**प्रथम पटक प्रकाशित मितिः ....................**

चालू आ.व. ........मा यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार ....................कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक ...............संस्थाले सूचना प्रकाशित भएको मितिले ....... दिन भित्र (मिति................गते भित्र) यस कार्यालयमा तपशिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ........................ बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**तपसिल विवरण**

१. निवेदन फाराम

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३. अनुसूची- अनुसारको ढाँचामा बिस्तृत प्रस्ताव

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी

५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगातय अनुसुची ५ अनुसारका अन्य कागजातहरु

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सबै सरोकारवाला निकाय वा व्यक्तिलाई सूचना प्राप्तीको शुनिश्चतता हुने गरी सूचनाको अवधि थप सहित परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

**अनुसूची-३**

(दफा १२ को उपदफा (३) र दफा १५ को उपदफा (८) सँग सम्बन्धित)

**प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू

कृषि ज्ञान केन्द्र /भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

......................।

**विषयः प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यालयको मिति २०७ .../ ... /.... गते का दिन ..........मा प्रकाशित सूचना अनुसार म/हामी निवेदकले .............................. ................. कार्यक्रम अन्तर्गतको ................. ................. ................. कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-६ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

निवेदकः

दस्तखतः

नामः

पदः

ठेगानाः

मितिः

सम्पर्क नं.:

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

# अनुसूची-४

## ..................... कार्यक्रमको प्रस्तावको ढाँचा

(दफा १२ को उपदफा (३) र दफा १५ को उपदफा (८) सँग सम्बन्धित)

### खण्ड (क)

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| | |
|---|---|
| आवेदकको नामः | |
| ठेगानाः | |
| दर्ता नं. र मितिः | |
| सदस्य संख्याः | |
| संचालक वा अध्यक्षको नामः | |
| सम्पर्क नं. | |
| संचालक वा अध्यक्षको नागरिकता नं...............जिल्ला.......... | |
| जम्मा सदस्य संख्या र सदस्यहरुको विवरण | जम्माः महिलाः पुरुषः<br>दलितः जनजातीः<br>भुमिहिनः मुक्तकमैयाः<br>अन्य.(खुलाउने)..... |
| प्रस्तावित कार्यक्रम स्थल | जिल्लाः<br>स्थानीय तहको नाम..................................<br>वडाः..................टोल.......... |
| संस्थाको स्वामित्वमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा...........हे |
| खेती वा पशुपालन गरिने जमिनको किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको<br>करार/भाडामा लिएको जग्गाको किसिमः निजी .......सरकारी वा संघ संस्थाको स्वामित्वको..... |
| | |

### खण्ड (ख)

### आवेदकको अनुभव तथा हालको पुर्वाधार

**२. पुर्वाधारको वर्तमान अवस्था**

| क .सं. | उत्पादनका विवरण | संख्या | क्षमता | पूर्ण क्षमतामा प्रयोग भएको वा आशिंक रुपमा (%) | कैफियत |
|---|---|---|---|---|---|
| १ | संकलन केन्द्र, गोदाम, टहरा वा अन्य | | | | |
| १.१ | | | | | |
| १.२ | | | | | |
| २ | मेशिनरी उपकरणको बिवरण | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ | | | | | |
| २.२ | | | | | |
| २.३ | | | | | |
| ३ | शीत भण्डार | | | | |
| ४ | प्रशोधन उद्योग | | | | |
| ५ | नर्सरी स्थापना | | | | |

**३. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण**

**३.१ कृषि तर्फका प्रस्तावकको लागि**

| क.सं. | कृषकको नाम थर | ठेगाना | बाली | गत बर्ष गरिएको खेति विवरण | | यस बर्ष गरिने खेति विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

**३.२ पशुपंक्षी तर्फका प्रस्तावकको लागि**

| क.सं. | कृषकको नाम थर | ठेगाना | घांस खेती कट्ठा | हाल रहेका पशुवस्तुको संख्या | | | यस बर्ष थप हुने पशुवस्तुको विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भेडा/बाखा | बंगुर | माछा क्षेत्रफल | भेडा/बाखा | बंगुर | माछा क्षेत्रफल |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

**४. जनशक्तिः**

| किसिम | | संख्या | पुरुष | महिला | जनजाति |
|---|---|---|---|---|---|
| प्राविधिक | पूर्णकालीन | | | | |
| | आशिंक | | | | |
| ब्यवस्थापक | पूर्णकालीन | | | | |
| | आशिंक | | | | |
| श्रमिक | बर्षभरी | | | | |
| | आवश्यकतानुसार | | | | |
| लक्षित बाली वस्तुको उत्पादन सम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | |

**खण्ड (ग)**

**प्रस्तावित कार्यको विवरण**

५. प्रस्तावित कृयाकलापहरुः

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदकको लगानी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | निर्माण कार्यको हकमा नक्सा तथा लागत अनुमान र सामग्री खरिदको हकमा कोटेशन/लागत अनुमान पेश गर्नु पर्नेछ । |
| | | | | | | |
| | | | | | | |

६. प्रस्तावित कार्यक्रम माग गर्नको कारणः

७. उत्पादित बाली वस्तुको बजार ब्यबस्थापन कसरी गरिनेछ ?

८. उत्पादित बालीवस्तुको पूर्व खरिद संझौता भए उल्लेख गर्ने ?

९. प्रस्तावित कार्यका लागि लागि वित्तीय व्यवस्थापन कसरी गरिनेछ ?

१०. प्रस्तावित कार्यबाट लाभान्वित हुने कृषकहरु र अन्य लाभान्वितको संख्या

**खण्ड (घ)**

१०.जोखिम ब्यवस्थापनः

| जोखिमको तह | सम्भावित जोखिम | जोखिमको तह र व्यापकता | व्यवस्थापन रणनीति |
|---|---|---|---|
| पूर्वाधार निर्माण | | | |
| उत्पादन | | | |
| बजारीकरण | | | |

११.वातावरणिय र सामाजिक ब्यवस्थापनः

| कृयाकलाप | प्रभाव | न्यूनीकरणका उपायहरु | अनुगमनका सूचकहरु | कैफियत |
|---|---|---|---|---|
| पूर्वाधार निर्माण | | | | |
| उत्पादन | | | | |
| बजारीकरण | | | | |

कृषक/फार्म/कम्पनी/कृषक समूह/सहकारी संस्थाको तर्फबाट सही गर्नेको

नामः

पदः

दस्तखतः मिति :

द्रष्टव्यः कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले प्रस्ताव ढाँचा परिमार्जन गर्न सक्नेछ ।

**अनुसूची-५**

**<u>प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु</u>**

(दफा १२ को उपदफा (३) र दफा १५ को उपदफा (८) सँग सम्बन्धित)

१. अनुसूची-३ अनुसारको ढाँचामा निवेदन

२. नेपाली नागरिकताको प्रतिलिपी

३. कार्ययोजना, डिजाइन तथा लागत अनुमान सहित विस्तृत प्रस्ताव

४. फार्म/कृषक समूह/कृषि सहकारीहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपि

५. जग्गाको स्वामित्व देखिने कागजात

६. स्थायी लेखा नम्बर(PAN)/ मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि

७. प्रस्तावकको प्रतिवद्धता-पत्र (साझेदारी रकम, दोहोरो अनुदान उपलब्ध नभएको)

८. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

९. शैक्षिक योग्यता, तालिम र अनुभवको प्रमाण-पत्र

१०.वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु थपघट गर्न सक्नेछ ।

## अनुसूची–६

## सम्झौता–पत्रको ढाँचा

(दफा १२ को उपदफा (६) र दफा १५ को उपदफा (११) सँग सम्बन्धित)

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय लुम्विनी प्रदेश को भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र / एकिकृत कृषि तथा पशु पन्छी विकास कार्यालय / कृषि ज्ञान केन्द्र .........मार्फत सञ्चालन गरिने आ.व. ....... को... .............. कार्यक्रम सञ्चालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/ कृषि ज्ञान केन्द्र (यस पछि पहिलो पक्ष भनिने), .............. ........ कृषक/फार्म/सहकारीका .............. (पद) श्री/सुश्री/श्रीमती ........................ (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति ................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सम्झौता भएको मितिले ७ दिन भित्र कार्य शुरु गर्नु पर्नेछ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी कार्यविधिमा तोकिए बमोजिमका निवेदन, सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

३. यस आर्थिक वर्ष .......मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसारको कूल लागत रु.............(अक्षररुपी................) मध्ये दोस्रो पक्षले रु.............(अक्षररुपी.........) व्यहोर्नु पर्ने र प्रथम पक्षले रु.................. (अक्षररुपी..............) अनुदान रकम उपलब्ध गराउनेछ।

४. दोश्रो पक्षले भुक्तानी माग गरेपछी प्रथम पक्षले तोकेको प्राविधिकबाट कार्य प्रगतिको अनुगमन गरी प्रतिवेदन प्राप्त भएपछि बढीमा तीन किस्तामा कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

५. स्वीकृत कार्ययोजना बमोजिमका कार्यसम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. कार्यक्रम ५ बर्षसम्म नियमित रुपमा सञ्चालन गर्नुका साथै सम्झौता मुताविकको स्थल स्थानान्तरण गर्नुपर्ने अवस्थामा प्रथम पक्षको लिखित स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ।

७. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।

८. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने स्थानमा कार्यक्रम मुख्य विवरण सहितको होर्डिङ्ग वोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

९. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ। साथै दोस्रो पक्षले कम्तीमा चौमासिक रुपमा प्रतिवेदन पेश गर्नुपर्नेछ र प्रथम पक्षले माग गरेको अवस्थमा जुनसुकै समयमा विवरण पेश गर्नुपर्नेछ।

१०. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफनै श्रोत वाहेक अन्य निकायबाट सहयोग, अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

११. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

१२. कार्यक्रम संचालनको क्रममा आउन सक्ने द्धिविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१३. कार्यक्रमको भुक्तानी माग गर्दा संलग्न फर्मेट अनुसारको विवरण सहित पेश गर्नुपर्नेछ ।

१४. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम्

द्रष्टव्यः सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ।

**अनुसूची-७**

(दफा १२ को उपदफा (६) र दफा १५ को उपदफा (१०) सँग सम्बन्धित)

**कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम**

| क्र. सं. | द. नं. | आवेदकको नाम (कृषक / समूह/सहकारी) | ठेगाना | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कृषक/फार्म/कम्पनी/समूह/ सहकारी संस्था को व्यवसाय प्रतिको अनुभव/तालिम पेश गरेको (२०) | प्राबिधिक पक्ष व्यवसायिक कार्य योजना (५०) | आर्थिक पक्ष लगानीको क्षमता र प्रतिवद्धता (२०) | वास्तविक लक्षित वर्ग (१०) | कुल प्राप्ताङ्क (१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नोटः कार्यालयले आबश्यकता अनुसार प्रस्ताव आह्वान गर्नु अघि नै मुल्यांकनका आधारहरुको बिस्तृतिकरण गर्न सक्नेछ । छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.

**अनुसूची-८**

**अभियानमुखी अनुदान मापदण्ड**

**(रोड कोरिडोर कार्यक्रम समेत)**

(दफा १६ को उपदफा १ को खण्ड (क) र (ख) सँग सम्बन्धित)

| **क. स.** | **विवरण** | **कूल अनुदान रकम प्रवाह हुने आधारहरु** |
|---|---|---|
| **क** | **एक वर्षिय बाली उत्पादन (मकैतथा आलु वाली)** | |
| **१** | **चालु खर्च अन्तर्गत उत्पादन सामग्री खर्च** | **कूल अनुदान रकमको बढीमा ४५ प्रतिशत रकम** |
| १.१ | वीउ/वेर्ना/केस्रा (Clove) वा पोटी खरिद | सिफारिस दर, क्षेत्रफल र खरिद मूल्य |
| १.२ | रसायनिक मल | सिफारिस दर, क्षेत्रफल र खरिद मूल्य |
| १.३ | औद्योगिक प्राङ्गारिक/जैविक/भर्मी कम्पोष्ट मल | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.४ | विषादी | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.५ | सुक्ष्म तत्व | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.६ | हर्मोन/बृद्धिवर्धक | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.७ | कृषि श्रम (मानव, पशु र यन्त्र उपकरण) बाट जोताई देखि कटानी कार्यसम्म | क्षेत्रफल, श्रमिक, ज्याला दर र भाडा दर |
| १.८ | अन्य चालु खर्च | प्राविधिक मापदण्ड, क्षेत्रफल, मूल्य र दर |
| २ | **पूँजिगत खर्च** | **कूल अनुदान रकमको कम्तीमा ५५ प्रतिशत रकम** |
| २.१ | प्लाष्टिक घर वा टनेल (जाली तथा अन्य समेत) | इष्टिमेट, क्षेत्रफल र खरिद मूल्य |
| २.२ | साना कृषि यन्त्र, औजार तथा उपकरण सामग्री (जोत्ने, खन्ने, रोप्ने, काटने सहित अन्य सामग्री) | स्पेसिफिकेशन, कोटेशन, परिमाण र खरिद मूल्य |
| २.३ | नर्सरीका लागि प्लाष्टिक मल्चिङ्ग | स्पेसिफिकेशन, कोटेशन र खरिद मूल्य |
| २.४ | साना सिंचाई (थोपा तथा स्प्रिङ्गलर सहित) | इष्टिमेट, क्षेत्रफल, कोटेशन र पानीको श्रोत |
| २.५ | वजार पूर्वाधारसँग सम्वन्धीत कृयाकलाप | इष्टिमेट, उत्पादन, माग र आपूर्ति अवस्था |
| २.६ | नर्सरी पूर्वाधारसँग सम्वन्धीत कृयाकलाप | इष्टिमेट, क्षेत्रफल र कोटेशन |
| **ख** | **वहुवर्षिय बाली उत्पादन (रोडकोरिडोर लक्षीत फलफूल खेती)** | |
| **१** | **चालु खर्च अन्तर्गत उत्पादन सामग्री खर्च** | **कूल अनुदान रकमको बढीमा ४५ प्रतिशत रकम** |
| १.१ | वेर्ना खरिद | सिफारिस दर, क्षेत्रफल र खरिद मूल्य |
| १.२ | रसायनिक मल | सिफारिस दर, क्षेत्रफल र खरिद मूल्य |
| १.३ | औद्योगिक प्राङ्गारिक/जैविक/भर्मी कम्पोष्ट मल | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.४ | विषादि | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.५ | सुक्ष्म तत्व | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.६ | हर्मोन/बृद्धिवर्धक | माग, क्षेत्रफल र खरिद मूल्य |
| १.७ | वगैचा रेखाङ्कन र आवश्यक सामग्री खरिद | प्राविधिक मापदण्ड, क्षेत्रफल र खाडल संख्या |
| १.८ | खाडल खन्ने,मलखाद मिसाउने र खाडल पुर्ने | प्राविधिक मापदण्ड, क्षेत्रफल र खाडल संख्या |

| क. स. | विवरण | कूल अनुदान रकम प्रवाह हुने आधारहरु |
|---|---|---|
| १.९ | वेर्ना रोप्ने, टेका दिने र मल्चिङ्ग | प्राविधिक मापदण्ड, क्षेत्रफल र खरिद मूल्य |
| १.१० | अन्य चालु खर्च | प्राविधिक मापदण्ड, क्षेत्रफल, मूल्य र दर |
| **२** | **पूँजिगत खर्च (यन्त्र उपकरण, पूर्वाधार निर्माण र पूँजिगत सामग्री)** | **कूल अनुदान रकमको कम्तीमा ५५ प्रतिशत रकम** |
| २.१ | प्लाष्टिक घर वा टनेल (जाली तथा अन्य समेत) | इष्टिमेट, क्षेत्रफल र खरिद मूल्य |
| २.२ | साना कृषि यन्त्र, औजार तथा उपकरण सामग्री (जोत्ने, खन्ने, रोप्ने, काटने सहित अन्य सामग्री) | स्पेसिफिकेशन, कोटेशन, परिमाण र खरिद मूल्य |
| २.३ | नर्सरीका लागि प्लाष्टिक मल्चिङ्ग सामग्री | स्पेसिफिकेशन, कोटेशन र खरिद मूल्य |
| २.४ | थोपा तथा स्प्रिङ्गलर सहित साना सिंचाईसँग सम्वन्धीत कृयाकलाप | इष्टिमेट, क्षेत्रफल, आकार. कोटेशन, पानीको श्रोत र खरिद मूल्य |
| २.५ | वजार पूर्वाधारसँग सम्वन्धीत कार्य र सामग्री | इष्टिमेट, उत्पादन, माग र आपूर्ति अवस्था |
| २.६ | नर्सरी पूर्वाधारसँग सम्वन्धीत कार्य र सामग्री | इष्टिमेट, क्षेत्रफल र कोटेशन |
| **३** | **कोरिडोर लक्षीत परिचालक पारिश्रमिक** | **बढिमा पाँच प्रतिशत रकम** |

**द्रष्टव्यः** १. चालु खर्च वा उत्पादन सामाग्रीमा स्वीकृत कार्ययोजनाको कूल अनुदान रकमको बढीमा ४५ प्रतिशत अनुदान रकम उपलव्ध हुने सो भन्दा बढी खर्च अनुदानग्राही आफैले ब्यहोर्नुपर्नेछ ।

२. पूँजिगत खर्च (यन्त्र उपकरण, पूर्वाधार निर्माण र पूँजिगत सामग्री)को हकमा स्वीकृत कार्ययोजनाको कूल अनुदान रकमको कम्तीमा ५५ प्रतिशत अनुदान रकम उपलव्ध हुनुपर्नेछ।

३. सामुदायिक सिंचाई, नर्सरी र वजार पूर्वाधार निर्माणको हकमा बढिमा ८५ प्रतिशत र बाँकि कृयाकलपहरुमा अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

४. रोडकोरिडोर लक्षीत परिचालक नियुक्त भएको खण्डमा बढीमा पाँच प्रतिशत पारिश्रमिक रकम उपलब्ध गराउन सकिनेछ।

५. बाह्य श्रोतबाट तोकिएको वालीवस्तुहरुमा मानव, पशु र यन्त्र उपकरणबाट जोताई देखि कटानी कार्यका लागि श्रम गरेमा प्रचलित ज्याला तथा भाडादर अनुसार नियामानुसार रकम उपलव्ध गराउन सकिनेछ।

६. रुकुम पूर्व जिल्लाको प्राङ्गरिक मीसन र रोड कोरिकोर कार्यक्रमका लागि स्थानीय स्तरमा उपलव्ध हुने सामग्री र श्रम बाहेक अनुसूची-८ वमोजिम तोकिएका कृयाकलापहरु सहित उत्पादन पश्चातका क्रियाकलापहरुमा समेत प्रति हेक्टर रु द्ई लाख नवढने गरी बढिमा ९० प्रतिशत अनुदान रकम उपलब्ध गराउन सकिनेछ।

## अनुसूची-९

## कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढाँचा

( दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

१. अनुदानग्राही संस्थाको नामः २. ठेगानाः

३. सञ्चालित कार्यक्रमको नामः ४. कार्यक्रम सञ्चालन अवधिः

५. कुनै साझेदार निकाय भएमा नामः ६. साझेदारीको रकमः

७. आ.व. ८. प्रगति प्रतिवेदन अवधीः चौमासिक/वार्षिक

| क.सं. | कार्य विवरण | इकाई | लक्ष्य | प्रगति | आई परेका वाधा अड्चनहरु | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति ईकाई उत्पादित पदार्थको स्थानीय बजारको विक्री मूल्यः

१. ....... २. ....... ३. ....

नामः

दस्तखतः

मितिः

ठेगानाः

अनुसूची–१०

## प्रतिवद्धता पत्र

(दफा १९ को उपदफा (५) सँग सम्बन्धित)

................ कार्यालयको मिति.....................मा प्रकाशित सूचना अनुसार ................... कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/छौ र ........ बर्ष सम्म निरन्तरता दिनेछु/छौ ।यस कार्यक्रममा दोहोपन हुने अन्य कुनै स्रोतबाट सोही प्रयोजनका लागि अनुदान नलिएको स्वघोषणा गर्दछु/ गर्दछौं। कार्यक्रममा दोहोरोपना भएमा, कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित ब्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौं । यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुला/बुझाउँला ।

अनुदानग्राहीको तर्फबाट

नाम:
पदः
संस्थाको नाम:
ठेगाना:
सम्पर्क नः
दायाँ बायाँ

दस्तखतः
मितिः

छापः

द्रष्टव्य: कार्यालयले कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी प्रतिवद्धता पत्र परिमार्जन गरी तयार गर्न सक्नेछ ।